# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक २५ | बुटवल | २०८२ माघ ०५ गते, सोमबार | नेपाल संवत ११४६ | Monday January19, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# रूपन्देही–२ बाट पौडेल उम्मेदवार बन्ने

## एमाले कार्यकर्ता भन्छन्–'चुनाव सानदार ढंगले जिताउँछौं ।'

**लुम्बिनी संवाददाता**

*बुटवल*



नेकपा एमालेले उपाध्यक्ष विष्णु पौडेललाई रूपन्देही–२ बाट उम्मेदवार बनाउने निर्णय गरेको छ। यसअघि पाल्पा–२ बाट उम्मेदवार बनाउने निर्णय भएको थियो।

एमाले केन्द्रीय सदस्य एंव रूपन्देही संयोजक खिमलाल भट्टराईले पौडेल यहाँबाट उम्मेदवार बन्ने टुंगो लागेको बताए।

रूपन्देही क्षेत्र नम्बर २ बाट उम्मेदवार बन्न स्थानीय स्तरबाट दबाब बढेपछि पौडेलले रूपन्देही–२ बाटै उम्मेदवार बन्ने निर्णय लिएका हुन्। उनको चाहनाअनुसार पार्टीले रूपन्देही–२ बाट उम्मेदवार बनाउने निर्णय गरेको हो। पाल्पा–२ मा भने उम्मेदवारी टुंगो लागेको छैन।

आइतबार दिउँसो यहाँ भएको रूपन्देही–२ क्षेत्रीय कमिटीको विस्तारित बैठकले पाल्पा–२ बाट पौडेल उम्मेदवार बन्ने निर्णय अस्विकार गर्दै रूपन्देही–२ बाट उम्मेदवार बनाउन माग गरेको थियो। विस्तारित बैठकले गरेको निर्णय लुम्बिनी प्रदेश इञ्चार्ज पद्मा अर्याललाई जानकारी गराउँदै पार्टी केन्द्रलाई बताउन भनेको एमाले रूपन्देही–२ का संयोजक ऋषि पाण्डेले बताए। 'उहाँ उम्मेदवार भएको अवस्थामा विगतमा भन्दा फराकिलो मतान्तरमा जित हासिल गर्न सकिन्छ। तसर्थ पार्टीको विस्तारित बैठकले अनिवार्य उहाँलाई उम्मेदवार बनाउने निर्णय गऱ्यो, हाम्रो माग र चाहनाअनुसार निर्णय भएको छ।'–उनले भने।

रूपन्देही–२ मा पौडेलको नाम एकल सिफारिस भएको थियो। उनले २०६४ सालको संविधानसभा चुनावदेखि लगातार चार पटक चुनाव जित्दै आएका छन्। स्थानीय जनता र कार्यकर्ताको भावना विपरीत क्षेत्र परिवर्तन गरेको भन्दै रूपन्देही–२ बाटै चुनावमा उम्मेदवार बन्न एमाले कार्यकर्ताले टेलिफोन र सामाजिक सञ्जालबाट दबाब दिएका थिए।

एमाले बुटवल नगर अध्यक्ष शोभाकर पोखरेलले पौडेल निर्विकल्प उम्मेदवार बन्न यहाँ दबाब बढेकोले उनले कार्यकर्ता र जनताको आवाज सम्बोधन गरेको बताए। एमाले जिल्ला कमिटी सदस्य एंव उद्योग व्यवसाय प्रमुख बाबुराम बोहराले रूपन्देहीको विकासमा महत्वपूर्ण योगदान गरेको र सबैसँग भिजेका पौडेलको उम्मेदवारी यहाँबाट नहुने निर्णयले पार्टीभित्र र बाहिरको पंक्ति निराश भएको, तर यहीबाट उम्मेदवार बन्ने निर्णयले पार्टी पंक्तिलाई उत्साहित बनाएको बताए।

पौडेलको अगुवाई र पहलकदमीमा बुटवलमा पूर्वाधार विकासका धेरै काम भएका छन्। अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, प्रदर्शनी स्थल, बेलवास–बेथरी सडक जस्ता ठूला पूर्वाधार विकासका काम धेरै भएका छन्। बुटवलको खानेपानी समस्याको दिर्घकालका लागि समाधान हुने गरी काम भइरहेको छ। बुटवल मेडिकल कलेज, लुम्बिनी प्रादेशिक अस्पतालको विस्तार जस्ता आयोजना पनि अघि बढेका छन्। रूपन्देहीमा सिँचाइ र विद्युत् आयोजनाका लागि कालीगण्डकी तिनाउ डाइभर्सन आयोजना अघि बढाउन उनले पहल गरेका छन्।

'विकासको रोलमोडल उहाँलाई यहीबाट उम्मेदवार बन्न भएको चौतर्फी दबाब काम लागेको छ,' क्षेत्रीय समितिका सचिव मेघराज भट्टराईले भने–'हामीले सानदार तरिकाले चुनाव जिताउँछौं।'

पौडेल २०७९ को निर्वाचनमा भने राष्ट्रिय स्वतन्त्र पार्टीका गणेश पौडेलसँग १ हजार ३७० मतान्तरमा चुनाव जितेका थिए। एमालेका पौडेलले २७ हजार १६५ मत ल्याएर विजयी हुँदा रास्वपाका पौडेलले २५ हजार ७९५ मत पाएका थिए। त्यसबेला यहाँ कांग्रेसको उम्मेदवार थिएनन्। कांग्रेस उम्मेदवार नभएकाले त्यसबेला कांग्रेस पंक्तिको मत राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवारतिर गएको एमाले पंक्तिले विश्लेषण गरेको छ।

विष्णु पौडेल रुपन्देही-२ बाट चुनाव लड्न निश्चित भएपछि रुपन्देहीका पाँचै क्षेत्रका उम्मेदवार निश्चित भएको छ। रुपन्देही-१ मा दधिराम न्यौपाने, रुपन्देही-२ विष्णुप्रसाद पौडेल, रुपन्देही-३ बाट बासुदेव घिमिरे, रुपन्देही-४ मा सुनिता ठठेर र रुपन्देही-५ मा खिमलाल भट्टराई उम्मेदवार बन्ने टुंगो लागेको हो।

विष्णु पौडेल रुपन्देहीबाटै उम्मेदवार बन्ने भएपछि पाल्पा-२, को उम्मेदवारबारे अर्को निर्णय गर्नुपर्ने भएको छ। 'कसलाई उम्मेदवार बनाउने भन्ने छलफल चलिरहेको छ, टुंगिएको छैन।'- एमाले लुम्बिनी संयोजक पद्मा अर्यालले भनिन्। यो क्षेत्रबाट गत चुनावमा ठाकुर गैरेले जितेका थिए।

**कतै कतै असन्तुष्टि**

फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि नेकपा एमालेले शनिबार राति टुंगो लगाएका उम्मेदवारको नामले पार्टीभित्र असन्तुष्टि उत्पन्न भएको थियो। अध्यक्ष केपी शर्मा ओलीले आफूमाथि प्रश्न उठाउनेहरूलाई निषेधको व्यवहार देखाएको भन्दै असन्तुष्टि बढेको हो।

एमालेको ११औँ महाधिवेशनमा अध्यक्षका उम्मेदवार ईश्वर पोखरेल र उनको प्यानलबाट उठेका दुई दर्जनभन्दा बढी नेताको नाम उम्मेदवारको सूचीमा छैन। पोखरेल समूहका थुप्रै नेताहरूले लड्न चाहेको निर्वाचन क्षेत्रलाई 'अध्यक्षले निर्णय गर्ने' भनेर होल्ड गरिएको छ। योगेशले पार्टीमै नोट अफ डिसेन्ट लेखेका छन् भने सामाजिक सञ्जालमै आफ्नो असन्तुष्टि पोखिसकेका छन्।

ईश्वर पोखरेलको प्यानलबाट महाधिवेशनमा उम्मेदवार बनेकामध्ये गोकर्ण विष्टको मात्रै टिकट निश्चित गरिएको छ। उनलाई गुल्मीको क्षेत्र नम्बर २ बाट उम्मेदवार बनाइएको हो।

स्रोतका अनुसार ईश्वर पोखरेल स्वयंमलाई भने काठमाडौं ५ बाट उठाउन अध्यक्ष ओली तयार थिए। सुरुमा पोखरेलले नै निर्णय लिएनन्। तर पछिल्लोपटक भने उनी चुनावमा उठ्न राजी बनेको स्रोतको दाबी छ।

पोखरेलको पक्षमा रहेका र जिल्लाबाट सिफारिसमा परेका थुप्रै नेताले टिकट पाएका छैनन्। महाधिवेशनमा उनको प्यानलबाट महासचिवमा उम्मेदवारी दिएका सुरेन्द्र पाण्डे जिल्लाकै सिफारिसबाट छुटाइएको थियो। उनी उम्मेदवारीको रेसबाटै बाहिर छन्। पोखरेलकै प्यानलबाट उपमहासचिव जितेका योगेश भट्टराईको टिकट निश्चित गरिएको छैन।

भट्टराई यसअघिको चुनावमा ताप्लेजुङबाट जित हासिल गरेका थिए। यसपटक पनि सोही क्षेत्रबाट उम्मेदवारी दिन इच्छुक छन्। तर, ओली उनलाई उठाउन अनिच्छुक बनेको स्रोतको दाबी छ। शनिबारको बैठकमा 'अध्यक्षले निर्णय गर्ने' भनेर तोकिएका स्थानहरूमा ताप्लेजुङ पनि छ।


» बाँकी ३ पेजमा


# माघ ६ को मनोनयन स्थगित गर्न देउवा समूहको माग

बुटवल। नेपाली कांग्रेसको शेरबहादुर देउवा समूहले आगामी मंगलबारलाई तोकिएको प्रतिनिधिसभाको प्रत्यक्षतर्फको मनोनयन स्थगित हुनुपर्ने माग गरेको छ।

नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा र निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काले सर्वोच्च अदालतमा रिट निवेदन पेस गर्दै गगन-विश्व समूहलाई मान्यता दिने निर्वाचन आयोगको निर्णय बदर हुनुपर्ने माग गरेका हुन्।

उनीहरूले मंगलबार (६ माघ) को मनोनयन रोक्नुपर्ने अनि मनोनयन भइसकेको भए त्यसलाई स्थगित गरेर अर्को मनोनयनको मिति घोषणा गर्न आदेश हुनुपर्ने माग गरेका छन्। देउवा र खड्काले निर्वाचन आयोगको निर्णय बदर गरी भृकुटीमण्डप महाधिवेशनबाट चयन भएको नयाँ कार्यसमिति भंग हुनुपर्ने भनेका छन्। उनीहरुले निर्वाचन आयोग, भृकुटीमण्डपबाट चयन भएको नयाँ कार्यसमिति अनि सभापति गगनकुमार थापा र उपसभापति विश्वप्रकाश शर्मालाई पनि मुद्दामा विपक्षी बनाएका छन्।

उनीहरूले पेस गरेको रिट निवेदनमाथि आगामी मंगलबार अर्थात् प्रतिनिधिसभा प्रत्यक्षतर्फको मनोनयनको दिन प्रारम्भिक सुनुवाइको मिति तोकिएको छ।

### प्रदीप र गुरुराजको पद खारेज गर्न निवेदन

यसैबिच नेपाली कांग्रेसको विशेष महाधिवेशनबाट निर्वाचित भएका महामन्त्रीद्वयको पद खारेजीको माग गर्दै निर्वाचन आयोगमा निवेदन परेको छ।

दाङको बबई गाउँपालिका-७ घर भएका राजकुमार डाँगीले कांग्रेसका महामन्त्रीद्वय प्रदीप पौडेल र गुरुराज घिमिरेको पद खारेज गर्न माग गरेका हुन्।

'नेपाली कांग्रेसको विधानको धारा ५९ बमोजिम विधान उल्लंघन गरिएको उक्त धाराअनुसार निर्वाचित भएका व्यक्तिको पद खारेज गरी पाउँ,' उनले निवेदनमा भनेका छन्-'नेपाली कांग्रेसको विशेष महाधिवेशनबाट निर्वाचित भएका व्यक्तिहरू क्रमश प्रदीप पौडेल र गुरुराज घिमिरे यसभन्दा अघिको १४औं महाधिवेशनमा क्रमश महामन्त्री र कोशी प्रदेश सभापतिमा पराजित भएको हुँदा दुवै जना व्यक्ति १५औं महाधिवेशनभन्दा अगावै विशेष महाधिवेशनमा उम्मेदवारी दिन नपाउने व्यवस्था नेपाली कांग्रेसको विधानमा स्पष्ट भएको।'

उक्त निवेदनमा पार्टीको निर्धारित व्यवस्थाको उल्लंघन भएकोले दुवैको पद खारेज गर्न माग गरिएको छ।

त्यस्तै विशेष महाधिवेशनबाट निर्वाचित गगन थापा नेतृत्वको कांग्रेसलाई निर्वाचन आयोगले समेत आधिकारिकता प्रदान गरिसकेको छ। कांग्रेसकै निवर्तमान सभापति शेरबहादुर देउवा समूहले पनि आधिकारिकता दिने निर्णय बदर गर्न मागसहित सर्वोच्च अदालतमा रिट दायर गरिसकेको छ।

# बालेनद्वारा रास्वपा वरिष्ठ नेताको पदभार ग्रहण

बुटवल। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन शाहले पदभार ग्रहण गरेका छन्।

रास्वपा प्रवेश गरेको २१ दिनपछि आइतबार औपचारिक रूपमा केन्द्रीय कार्यालय घण्टीघर पुगेर बालेनले पदभार ग्रहण गरेका हुन्।

घण्टीघरमा उनलाई रास्वपा सभापति रवि लामिछाने, उप-सभापति डीपी अर्याललगायतले स्वागत गरे। बालेनले रास्वपा कार्यालय परिसरमा रहेको घण्टी बजाए भने पार्टी सभापति रवि लामिछानेले बालेनसँग अंकमाल गरे।

त्यसक्रममा रास्वपाका नेता कार्यकर्ताले खुशियाली व्यक्त गर्दै हुटिङ गरेका थिए। त्यसअघि मेयर शाहले आइतबार नै काठमाडौं महानगरकी उप-प्रमुख सुनिता डंगोलसमक्ष राजीनामा बुझाएका हुन्। राजीनामा बुझाएपछि उनी घण्टीघर पुगेका थिए। बालेनको स्वागतमा रास्वपाका नेता कार्यकर्ताको ठूलो भीड लागेको थियो।

# टिकट वितरणप्रति एमाले उप–महासचिवको आपत्ति

बुटवल। प्रतिनिधिसभाको प्रत्यक्षतर्फ पार्टीको टिकट वितरणको निर्णयमा असहमति जनाएका उप-महासचिव योगेश भट्टराईले पार्टी कार्यालयमा नोट अफ डिसेन्ट दर्ता गराएका छन्।

शनिबार बसेको सचिवालय बैठकले देशका १४० क्षेत्रका उम्मेदवारहरूको टुंगो लगाएको थियो। जसमा असहमति जनाउँदै उप-महासचिव भट्टराईले नोट अफ डिसेन्ट लेख्ने बताएका थिए। सोही अनुसार, उनले आइतबार पार्टी कार्यालयमा पुगेर नोट अफ डिसेन्ट दर्ता गराएको एमाले कार्यालय स्रोतले जानकारी दिएको छ। स्रोतका अनुसार, उनले विभिन्न ४ वटा बुँदामा असहमति राख्दै नोट अफ डिसेन्ट लेखेका हुन्।

टिकट वितरणमा मापदण्ड नमिलेको, प्रतिनिधिसभा उम्मेदवारमा प्रतिस्पर्धाको बेलामा पक्षधरता देखिएको, कार्यकर्तामाथि अन्याय भएकोलगायतका विषय राखेर नोट अफ डिसेन्ट लेखेका छन्।

बाह्य चुनौतीलाई पनि ध्यान नदिइएको तर्क भट्टराईको छ।

भट्टराईले चुनाव लड्दै आएको ताप्लेजुङमा पनि एमालेले उम्मेदवार टुंगो लगाएको छैन।

ताप्लेजुङबारे पार्टीको निर्णय सार्वजनिक भएपछि भट्टराईले सामाजिक सञ्जाल मार्फत् समर्थकहरुलाई विचलित नहुन अपिल गरेका थिए। 'निर्णय सुनेर विचलित नहुन अनुरोध गर्दछु। अझ उच्च मनोबल र एकताका साथ नेकपा एमालेका उम्मेदवारहरुलाई विजयी बनाउन आफ्नो ठाउँ र हैसियतबाट सक्रिय रहन आह्वान गर्दछु,' भट्टराईले लेखेका थिए-'हाम्रो यात्रा लामो र गौरवपूर्ण छ।'

# लगानी बोर्डले एकल बिन्दु सेवा केन्द्र चलाउने

बुटवल। लगानी बोर्ड नेपालले एकल बिन्दु सेवा केन्द्र सञ्चालनमा ल्याउने भएको छ।

छिटो छरितो सेवा प्रवाह गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीकर्ता थप आकर्षित गरी लगानी वृद्धि गर्न एकल बिन्दु सेवा केन्द्र सञ्चालनमा ल्याउन लागिएको हो।

लगानी बोर्डले एकल बिन्दु सेवा केन्द्र संयोजन गर्ने कार्यका लागि सहसचिव हेमराज तामाङलाई तोकेको छ। एकल बिन्दु सेवा केन्द्रसँग समन्वय गरी कार्य अघि बढाउन १४ सरकारी निकायले अख्तयारीसहित फोकल पर्सन तोकेका छन्। जसमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, भौतिक पूर्वाधार तथा यातायात, वन तथा वातावरण र नेपाल राष्ट्र बैंकले 'फोकल पर्सन' तोकेका छन्। यसैगरी अध्यागमन विभाग, आन्तरिक राजस्व विभाग, उद्योग विभाग, खानी तथा भूगर्भ विभाग, भन्सार विभाग, श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले समेत फोकल पर्सन तोकेका हुन्। यससँगै विद्युत् विकास विभाग, कम्पनी रजिस्ट्रारको कार्यालय र नेपाल दूरसञ्चार प्राधिकरणले समेत प्रतिनिधि तोकेका छन्।

बोर्डले तोकेका अरू निकायले पनि फोकल पर्सन तोक्न सक्ने छन्। बोर्डको कार्यालयले एकल बिन्दु सेवा केन्द्रका लागि सम्बन्धित मन्त्रालय, विभाग एवं निकायसँगको समन्वयमा कार्यविधि मस्यौदा तयार पारेको छ।

बोर्डले तत्कालका लागि सम्बन्धित मन्त्रालय/निकायका फोकल पर्सनसँग समन्वय गरी कार्य अघि बढाउने छ। लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत (सीइओ) सुशील ज्ञवालीले जेनजी आन्दोलन क्रममा बोर्डको कार्यालयमा आगजनी भएको हुँदा नयाँ कार्यालय व्यवस्थापन र कार्यविधिले अन्तिम रूप पाएपछि एकै ठाउँबाट सेवा प्रवाह हुने बताए। अटोमेसनबाट काम हुने हुँदा प्रविधि प्रयोग महत्त्वपूर्ण भएको उनको भनाइ छ।

फोकल पर्सनहरूसँगको छलफलमा बोर्ड सीइओ ज्ञवालीले लगानीसम्बन्धी राष्ट्रिय लक्ष्य प्राप्ति र सुशासन कायम गर्न अपनत्व लिएर काम अघि बढाउन अनुरोध गरे। 'लगानी बोर्डले सबैसँग समन्वय गरेर काम गर्छ,' उनले भने-'यसमा सबै निकायको साथ र सहयोग अपेक्षित छ।'

विज्ञ रामकृष्ण सापकोटाले धेरै निकायबाट सेवा प्रवाह गर्नुपर्दा लगानीकर्तालाई झन्झटिलो हुने भन्दै एकल बिन्दु सेवा केन्द्रको कार्यान्वयनले लगानीकर्तासँग सम्बन्धित कार्य चुस्त हुन सक्ने बताए।

अहिलेका लागि फोकल पर्सन सम्बन्धित मन्त्रालय/निकायको 'सिंगल प्वाइन्ट अफ कन्ट्याक्ट' हुनेछन्। उनीहरूले लगानी बोर्डको कार्यालयबाट सिफारिस भएका आ-आफ्ना निकायसँग सम्बन्धित कार्यसम्पादन गर्ने सहजीकरण गर्नेछन्।

लगानी बोर्डका सह-सचिव हेमराज तामाङका अनुसार फोकल पर्सनले सार्वजनिक निजी साझेदारी ऐन २०७५, सार्वजनिक तथा लगानी नियमावली २०७७ र लगानी बोर्डको रणनीति तथा व्यावसायिक योजनाले तोकेका सेवा प्रवाह सम्बन्धी कार्य गर्न सहयोग पुऱ्याउनेछन्।

यस्तै उनीहरूले लगानी बोर्डको कार्यालयबाट प्राप्त फाइल तथा पत्रको समयमै राय प्रतिक्रिया दिने, कार्यरत निकाय तथा लागनी बोर्डको कार्यालयबिच पुलको काम गर्ने, संस्थागत समन्वयकर्ताको भूमिका निर्वाह गर्नेलगायत काम गर्नेछन्।




# सम्पादकीय

## निर्वाचन आचारसंहिताको पालना

निर्वाचन आचारसंहिता निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र र भयरहित ढंगले सम्पन्न गर्न महत्वपूर्ण मानिन्छ । निर्वाचन आचारसंहिताको पालना गर्ने र गराउने काम इमान्दारीपूर्वक भयो भने निर्वाचनमा आम नागरिकको सहभागिता सुनिश्चित गर्न सकिन्छ ।

लोकतन्त्रमा निर्वाचन यस्तो विषय हो, जसले लोकतन्त्रलाई जीवन्त बनाउँछ । निर्वाचन विना लोकतन्त्रको परिकल्पना गर्न सकिन्न । लोकतान्त्रिक प्रणाली निर्वाचनबाट नै संस्थागत, व्यवस्थित र मर्यादित हुने हो । भयरहित र स्वतन्त्र निर्वाचनले मात्रै नागरिकले मन परेको दल र उम्मेदवारलाई मत दिन पाउँछन् । जहाँ निर्वाचन निष्पक्ष, मर्यादित र भयरहित हुन्छ, त्यहाँको लोकतन्त्र सबल हुन्छ । जनताले चुनेका प्रतिनिधि पूर्णतः जनताप्रति जिम्मेवार र जवाफदेही हुन्छन् । कतिपय मुलुकमा निर्वाचन हुन्छ, तर त्यो निर्वाचन केवल औपचारिकताका लागि मात्रै हुन्छ, त्यहाँ सत्ताको छायाँमा हुने निर्वाचनले नागरिकले ढुक्कसँग मत व्यक्त गर्न पाइरहेका हुँदैनन् । त्यस्तो निर्वाचनले राजनैतिक निकास दिँदैन् । नागरिकका इच्छा र आकांक्षाको सम्बोधन गर्ने प्रतिनिधि चुन्न सक्दैन । नेपालको लोकतान्त्रिक प्रणाली संस्थागत हुने दिशातिर अघि बढिरहेको छ । यद्यपी भदौ २३ र २४ को जेनजी आन्दोलन र विध्वंशबाट मुलुकमा संविधानले बाटो बिराएको छ । बाटो विराएको संविधानलाई सही लयमा ल्याउने काम निर्वाचनको हो । त्यसैले निर्वाचन आचारसंहिताको पालना कडाइका साथ गर्ने र गराउने पहल लिनुपर्छ ।

निर्वाचन आयोगले सबैका लागि आचारसंहिता तयार गरेको छ । सरकार, नागरिक, सञ्चारमाध्यम, राजनैतिक दल र उम्मेदवारले गर्न हुने र नहुने कामका बारेमा उल्लेख गरेको छ । अहिले सबैभन्दा चुनौती साइबर हमला हो । विपक्षी उम्मेदवारका बारेमा तथ्यहिन आरोप लगाएर सामग्री तयार गर्ने र प्रचार गर्ने प्रवृत्ति बढ्न सक्छ । तथ्यहिन आरोप लगाएर दुष्प्रचार गर्ने प्रवृत्तिको शिकार अहिले समाजको सबै तप्का भइरहेको बेला चुनावमा अझै व्यापक हुनसक्छ । निर्वाचन आयोगले साइबर हमला नियन्त्रण गर्न पहलकदमी लिनुपर्छ । त्यसकालागि नेपाल प्रहरीको साइबर ब्यूरोबाट तालिम प्राप्त दुई जना प्रहरी देशका सबै जिल्लामा खटाउने तयारी गरेको छ । ती प्रहरीले निर्वाचनको बेला आचारसंहिता उल्लंघन हुने विषयमा सामाजिक सञ्जाल मनिटर गर्ने बताइएको छ ।

निर्वाचन आचारसंहिता पालना गर्न र गराउन सबै राजनैतिक दल र उम्मेदवारले सघाउ पुऱ्याउनुपर्छ । निर्वाचन आचारसंहिता पालना गराउने जिम्मेवारी पाएको निर्वाचन आयोगले पूर्वाग्रह रहित ढंगले काम गऱ्यो भने आचारसंहिता पालना गर्ने र गराउने काम प्रभावकारी हुन्छ ।

# लोकतान्त्रिक गणतन्त्रको नाममा नेपाली जनता भाँड्ने काम गरे



झपेन्द्र जिसी

दार्जिलिङ्गका गोरखाहरू (नेपालीहरू) नेपालमा सामेल हुन चाहान्छन् । जति जमिन भए पनि आँखा नअघाउने हन्तकाली भारतीय शासनकहरू र लिम्पियाधुरा, लिपुलेक, कालापानी समेत हडपेका छन् । यता सुस्ता महेशपुरमा पनि खुनी बाघ पञ्जा गाडेका छन् । किन ? यस्तो किन ? यस्तो किन हुँदैछ ? यसकारणले हुँदैछ, हामी नेपालीहरू यो वा त्यो प्रकारले विभाजित छौं ।

चाहे प्रजातान्त्रिक आन्दोलनमा होस् चाहे लोकतान्त्रिक आन्दोलनमा होस नेपाली जनताका मूल नाराहरू तपसिल बमोजिम थिए-

- सम्पूर्ण नेपाली जनता होऔं ।
- सम्पूर्ण जनताको एकता जिन्दावाद ।
- मजदूर किसान एकता जिन्दावाद ।
- निरंकुश जहाँनिया राणातन्त्र अन्त्य गरौं ।
- निरंकुश राजतन्त्रको अन्त्य गरौं ।
-निरंकुश पञ्चायती व्यवस्थाको अन्त्य गरौं ।
-लोकतान्त्रिक गणतन्त्रको स्थापना गरौं ।
- लोकतान्त्रिक संविधानको निर्माण गरौं ।
- जातीय विभेदको अन्त्य गरौं ।
- मानव मर्यादा कायम गरौं ।
- लैङ्गिक विभेदको अन्त्य गरौं ।
- आन्दोलनकारी जनतामाथिको दमनचक्र बन्द गर !
- हिमाल, पहाड, तराई कोही छैन पराई ।
- सम्पूर्ण नेपाली जातजाति सबै एउटै जहान परिवार हौं ।
- सबैको समुन्नति हाम्रो लक्ष्य हो ।

अभीष्ट र गन्तव्य हो ।

यस्तै नाराहरू २००७ सालदेखि आन्दोलनको २०४६ सालको आन्दोलनमा र ०६२।०६३ को लोकतान्त्रिक आन्दोलनमा घन्केका हुन् । रन्केका हुन् ।

तर २०६२।०६३ को आन्दोलनको सफलतासँगै तपसिलका नारा उठे

- जातीय पहिचान र जातीय राज्यको निर्माण ।
- यो नाराभित्र समावेशिताले लेपन लाइयो । जातीय पहिचान र जातीय राज्यको कुरालाई उरालियो । जातीय राज्य पाइने भयो भनी धेरै जाति जनजातिहरु मख्ख परे । पहिलो निर्वाचनमा नेकपा माओवादीतिर लागे । कमरेड प्रचण्डलाई गड फादर नै ठाने । परिणाम पहिलो संविधानसभाको निर्वाचनमा माओवादी पार्टीको राम्ररी बहुमत आयो । मुख्य काम नेपालको संविधान निर्माण गर्नु थियो । संविधान बनेन् । संविधानसभा नै विघटन भयो । फेरि संविधानसभाको दोस्रो निर्वाचन भयो । १३ भन्दा बढी जातीय पहिचानका राज्य बनाउने कुरा उठे ।

ठूलो रस्साकसी पछि ७ वटा प्रादेशिक राज्य निर्माण भए । मधेशतर्फ ठूलै असन्तुष्टि रह्यो, त्यो बखत ।

संविधानले नेपालमा १२६ जातिले १२३ भाषा बोल्छन् भनेर किटान गऱ्यो । तर नेपालमा १२६ जाति भन्दा धेरै जाति छन् भन्ने कुरा यही पंक्तिकारलाई थाहा छँदैछ ।

जे होस् नेपाल बहुजातीय, बाहु भाषीय, बहुसंस्कृति र बहुभाषिक देश हो ।

यो कुरा जानकारी हुँदाहुँदै केही जातिको राज्य बनाउने भन्ने कुरा आजको युगमा कसरी औचित्यपूर्ण हुन सक्थ्यो र हुन सक्छ ?

स्मरण रहोस् २०८२ कात्तिक २० गते चुम्बकीय थेरापी गर्न यो पंक्तिकार दार्जिलिङ्गको एउटा शिविरमा गएको थियो । दार्जिलिङ्ग पनि बहुसंस्कृति, बहुभाषा, बहुधर्म सम्पन्न नेपाली बाहुल्य रहेको भूमि हो । र त्यहाँको प्रधान भाषा वा सम्पर्क भाषा नेपाली वा गोर्खा भाषा नै हो ।

सन् १८१४-१६ मा भएको नेपाल अंग्रेज युद्ध र त्यसपछि भएको सुगौली सन्धि अनुसार बल मिच्याइँ गरेर भारतमा उपनिवेश जमाएर बसेका फिरङ्गी शासकहरु (ब्रिटिश शासकहरु) अर्थात् कम्पनी सरकारले लुटेको भूमि हो । १५ अगष्ट १९४७ मा भारत छोड आन्दोलन भयो । त्यस आन्दोलनमा नेपालका वरिष्ठ नेताहरु बीपी कोइराला, मनमोहन अधिकारीहरु पनि आन्दोलित भए । आन्दोलित भए बापत हाम्रा नेताहरुलाई बेलायती कम्पनी सरकारले भारतीय जेलमा थुन्यो ।

भारतलाई उपनिवेश शासनबाट मुक्त गराउन भूमिका खेल्ने नेपाली नेताहरु र नेपाली जनतालाई कदर गरेर मुक्त भारतका शासकहरुले दार्जिलिङ्गको पहाडी भूभाग र दार्जिलिङ्गको तराई ससम्मान नेपाललाई फिर्ता गर्नुपर्ने थियो, तर मुक्त भारतका शासकहरुले बेलायतीको सिको गरे । नेपालको भूमि फिर्ता गरेनन् र अहिलेसम्म पनि गरेका छैनन् । दार्जिलिङ्गका गोरखाहरु (नेपालीहरु) नेपालमा सामेल हुन चाहान्छन् । जति जमिन भए पनि आँखा नअघाउने हन्तकाली भारतीय शासनकहरु र लिम्पियाधुरा, लिपुलेक, कालापानी समेत हडपेका छन् । यता सुस्ता महेशपुरमा पनि खुनी बाघ पंजा गाडेका छन् । किन ? यस्तो किन ? यस्तो किन हुँदैछ ? यसकारणले हुँदैछ, हामी नेपालीहरु यो वा त्यो प्रकारले विभाजित छौं । एकताबद्ध हौं भने पनि हाम्रा मनहरु बाँडिएका छन् । २०७२ मा निर्माण भएको संविधानले हाम्रो सामाजिक मूल्य मान्यता र एकता भाँडिएको छ ।

नेपाली समाजलाई टुटाउन फुटाउन भारतीय एस.डी मुनिको जातीय पहिचान, जातीय राज्यको सिद्धान्तले काम गरेको छ । नेपाली जनतालाई भावनामा उतारेको छ । जातीय, क्षेत्रीय संकीर्णताले घरबास गरेको छ । तँ बाहुन, तँ क्षत्री, तँ शोषक हामी शोषित मगर, गुरुङ्ग, राई, लिम्बु, मधेशी आदि अमुक जातिलाई नेपालबाट नलेखेटी देशको विकास हुँदैन भनेर नेपाली जनतालाई उचालिएको छ । भाँडभैलो मच्चाइएको प्रारम्भमा नेपालभित्र यो जातीय पहिचानको संवाहक प्रचण्ड नै हुन् । यस्तो संकीर्णता भावनाको विजारोपण गर्ने क्रान्तिकारी प्रचण्ड नै हुन् । यसो भन्नु अनुचित हुने छैन । तर, अहिले त यो नारा समाजको जराजरासम्म फैलिएको छ । हिमालदेखि तराईसम्म फैलिएको छ । समाज मैलिएको छ ।

हुनु पर्ने त थियो, हामी सबै नेपाली हौं, हाम्रो र देश नेपाल हो । नेपाल हाम्रो साझा घर हो । साझा घर नेपाल र समम्पूर्ण नेपाली जातजातिको उत्थान प्रगतिमा लाग्नु हाम्रो कर्तव्य हो ।

तर यहाँ त उल्टो भयो । एक जातिले अर्को एक जातिलाई सत्तो सराप गर्ने प्रवृत्तिको विकास गरियो । अर्को जाति अर्को सम्प्रदायलाई गालीगलौज गर्नुमा सीमित रह्यो । र यसैलाई महत्व दियो । गौरवगान गरियो ।

दश वर्षे राजनीतिक द्वन्द्वले थिलो थिलो भनेको समाजमा फेरि जेनजी नामबाट उठेको अर्को आन्दोलनले पुनः ठूलो खती भएको छ । फेरि अर्को कुन चत्रवती आएर ध्वस्त पर्ने हो आशंका बादलहरु मडारिएका छन् ।

तर दार्जिलिङ्गमा केही दिन रहँदा बस्दा देखियो- अधिकांश पहाडी मूलका नेपाली जाति र भाषीहरु यो जाति त्यो जाति नभनी गोर्खा जातिका हितका लागि हातेमालो गरेर जुलुस प्रदर्शन गर्दै थिए ।

एकताको माला गाँथ्दै थिए । स्मरण रहोस्, दार्जिलिङ्गको पहाडी भू-भागमा लेप्चा भोटिया, तामाङ, लिम्बु, राई गोर्खा (नेपाली मूलका) गुरुङ, मगर, शेर्पा, सुनुवार आदि जाति छन् । आफ्नो मातृभाषा र संस्कृति भए पनि भूल भाषा संस्कृति नेपाली नै हो ।

चौरास्तामा आदि कवि भानुभक्त आचार्यको भव्य/सुन्दर सालिकले नेपाल र नेपालीको गौरव बढाइरहेको छ । तर यतातिर भने भानुभक्तलाई बाहुन साहित्यकार भनेर गाली समेत गर्छन् । पृथ्वी नारायणशाह जसले नेपाल देशको भौगोलिक एकीकरणको शिलान्यास गरेको उनको सालिक भत्काउने नर पशुहरु अझै आफूहरुलाई सद्दे मान्छे हौं, भन्दै छन् ।

# मौसम परिवर्तनसँगै रूघा-खोकी र टाउको दुख्ने समस्या बढ्दै

पुस्करराज जोशी

मौसम परिवर्तनसँगै जाडो-गर्मीको उतारचढावका कारण रुघा, खोकी, टाउको दुखाइजस्ता स्वास्थ्य समस्याहरू बढ्न थालेका छन् । बिहान र बेलुका चिसो बढ्दा शरीरले अनुकूलन गर्न गाह्रो हुन्छ भने दिउँसोको घामले तापक्रम एक्कासी बढ्दा शरीरमा असन्तुलन सिर्जना हुन सक्छ । जाडो मौसमले शरीरको तापक्रम घटाउने र भाइरस तथा ब्याक्टेरियाका संक्रमणको जोखिम बढाउने गर्छ । यसले रुघाखोकी, नाक बग्ने, घाँटी दुख्ने, टाउको दुखाइ, खोकी र थकानजस्ता समस्या निम्त्याउँछ, विशेषगरी कमजोर प्रतिरक्षा भएका व्यक्तिमा ।

चिसो खानेकुरा र मौसम परिवर्तनले यी लक्षणलाई झनै बढावा दिन सक्छ, यसले शरीरलाई कमजोर बनाउने मात्र होइन, हाम्रो दैनिक गतिविधिमा पनि बाधा पुऱ्याउँछ । यस्तो समयमा सन्तुलित खानपान, न्यानो कपडाको प्रयोग र घरेलु उपाय अपनाएर समस्या समाधान गर्न सकिन्छ । सधैं औषधिमा निर्भर हुनु उचित नभएकाले रुघाखोकी लागेमा तुरुन्तै औषधि खानु हुँदैन । प्राकृतिक तरिकाबाट शरीरलाई बलियो बनाउनु महत्वपूर्ण छ ।

**रुघाखोकीका लक्षणहरू**

नाक बग्ने वा भरिएको महसुस हुनु
हाच्छ्युँ
घाँटीमा पोलाई खसखस हुनु
हल्का तथा गम्भीर खोकी
मांसपेशी र जोर्नीमा दुखाइ
हल्का ज्वरो

चिसो संक्रमणले शरीरलाई कमजोर बनाएर जटिलताहरू निम्त्याउन सक्छ । रुघाखोकीको अन्तिम चरणमा लक्षणहरू केही कम भएपनि लगातार खोकीको समस्या देखिन सक्छ । यदि लक्षणहरू दस दिनभन्दा बढी रहन्छन् भने डाक्टरसँग परामर्श गर्नुपर्छ ।

रुघाखोकिबाट बच्ने प्रभावकारी घरेलु उपचारहरू

**१. तातोपानी पिउने**

रुघाखोकी हुँदा शरीर हाइड्रेटेड राख्न तातो पानी पिउनु उपयुक्त हुन्छ ।

यसले सुख्खा खोकी र घाँटीको पोलाई कम गर्छ ।

सुकमेल, मरिच, ल्वाङ, र अदुवाको पाउडर तातो पानीमा उमालेर पिउनुहोस् ।

यो उपायले खोकी र नाक बन्द हुने समस्या कम गर्न मद्दत गर्दछ ।

**२. अदुवा चिया**

अदुवा रुघाखोकीको लागि एक उत्कृष्ट औषधि हो ।

एक कप पानीमा थोरै अदुवा र तुलसीको पात उमालेर पिउनुहोस् ।

यसले घाँटी दुखाइ कम गर्छ र श्वसन प्रणालीलाई राहत दिन्छ ।

**३. मह र कागती**

तातो पानीमा मह र कागती मिलाएर पिउनुहोस् ।

महले खोकी कम गर्छ र कागतीले प्रतिरोधात्मक क्षमता बढाउँछ ।

**४. लसुन**

लसुनमा एन्टीभाइरल र एन्टीब्याक्टेरियल गुण हुन्छन् ।

२-३ वटा लसुनलाई तातो पानीमा उमालेर पिउनुहोस् ।

**५. बेसार दुध**

एक गिलास तातो दुधमा आधा चम्चा बेसार (हल्दी) मिसाएर पिउनुहोस् ।

यसले संक्रमण कम गर्न मद्दत गर्दछ ।

**६. नुनपानीले कुल्ला**

नुनपानीले कुल्ला गर्दा घाँटी दुखाइ कम हुन्छ ।

एक गिलास तातो पानीमा आधा चम्चा नुन मिलाएर दिनमा २-३ पटक कुल्ला गर्नुहोस् ।

**७. वाफ लिने**

तातो पानीको वाफ लिनुहोस् ।

वाफले नाक र श्वासनली सफा गर्न मद्दत गर्दछ ।

**८. अमला सेवन**

अमला भिटामिन सीले भरिपूर्ण छ, जसले प्रतिरोधात्मक क्षमता बढाउँछ ।

ताजा अमला वा अमलाको जुस पिउनुहोस् ।

भिटामिन सी युक्त फलफूल (सुन्तला, किवी, अमला) खानुहोस् ।

**९. तुलसीको पातको प्रयोग**

५-६ वटा तुलसीको पातलाई पानीमा उमालेर पिउनुहोस् ।

तुलसीले संक्रमण कम गर्न सहयोग गर्छ ।

**१०. मसला मिश्रण**

चिसो हावा र पानीबाट बच्न न्यानो कपडा लगाउनुहोस् ।

हात र खुट्टाको विशेष हेरचाह गर्नुहोस् ।

**११ सन्तुलित खानपान**

तातो सुपजस्ता झोलयुक्त खाना खाने बानी बसाल्नुहोस् ।

मसालेदार र तारेको खाना कम सेवन गर्नुहोस् ।

हरियो तरकारी, बदाम र प्रोटिनयुक्त खानेकुराले प्रतिरक्षा प्रणाली बलियो बनाउँछ ।

दैनिक रूपमा प्रतिरोधात्मक क्षमता बढाउने खानेकुरा खानुहोस् ।

**१२ नियमित व्यायाम**

जाडोमा सामान्यत मानिसहरू निष्क्रिय हुन्छन् । तर, हल्का व्यायामले शरीरलाई तातो राख्नुका साथै रोग प्रतिरोधात्मक क्षमता बढाउँछ ।

**१३ चिसोबाट जोगिने**

चिसो हावा र पानीबाट बच्न न्यानो कपडा लगाउनुहोस् ।

हात र खुट्टाको विशेष हेरचाह गर्नुहोस् ।

चिसो वातावरणमा ध्यान दिनुहोस् र न्यानो लुगा लगाउनुहोस् ।

**१४ सरसफाइ**

हात धुने बानीले संक्रमणको जोखिम कम गर्छ ।

हाच्छ्युँ वा खोक्दा रुमालको प्रयोग गर्नुहोस् ।

**१५ धुम्रपान नगर्ने**

धूम्रपान नगर्ने धूम्रपानले फोक्सो र श्वासप्रश्वास प्रणाली कमजोर बनाउँछ । यसले चिसोको जोखिम थप बढाउँछ ।

यस्ता घरेलु उपायहरूले हल्का र मध्यम प्रकारको रुघाखोकीमा ठूलो राहत दिन्छ । तर, समस्या गम्भीर भएमा वा लक्षण लामो समयसम्म रहेमा चिकित्सकको सल्लाह लिनु अत्यन्त जरुरी छ ।

स्वास्थ्य खबरबाट

# नेप्से परिसूचक ३१ अङ्कले बढ्यो



काठमाडौँ । यो साता कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ३१ दशमलव १२ अङ्कले बढेर दुई हजार ६७२ दशमलव ५५ को बिन्दुमा कायम भएको छ । यो एक दशमलव १७ प्रतिशतको वृद्धि हो ।

३३८ कम्पनीको एक करोड ६६ लाख ११ हजार ४७९ कित्ता शेयर ९५ हजार ४४५ पटक खरिद बिक्री हुँदा रु आठ अर्ब ४० करोड २७ लाख ९७ हजार ७७५ दशमलव ५९ को कारोबार भएको नेप्सेले जनाएको छ । कारोबारमा सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा बढी वित्त समूहको उपसूचक पाँच दशमलव ७३ प्रतिशतले बढेको छ ।

सागर डिस्टिलरी लिमिटेड, उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड, श्रीनगर एग्रिटेक इन्डस्ट्रिज लिमिटेड र गुर्खाज फाइनान्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी थ्री स्टार हाइड्रोपावर लिमिटेडको शेयर मूल्य आठ दशमलव ७८ प्रतिशतले घटेको छ ।

# तिनाउ खेल महोत्सवमा पाँच सय पदक वितरण




बुटवल । तिनाउ बोर्डिङ् स्कूलमा आयोजित खेल महोत्सव ०८२ अन्तर्गत आइतबार विभिन्न खेल सम्पन्न भएका छन् । तीनसम्म ६८ वटा खेलमा १ हजार ५०० भन्दा बढी विद्यार्थी सहभागी भएका थिए । विजेता खेलाडी विद्यार्थीलाई ४९८ वटा पदक वितरण गरिएको गरिएको थियो ।

सो अवसरमा बोल्दै विद्यालयका अध्यक्ष यज्ञमूर्ति पाण्डेले विद्यार्थीलाई सिकाउन विद्यालयले हरेक गतिविधि गर्दै आएको बताए । अध्यक्ष पाण्डेले विद्यार्थी, अभिभावक र समाज सबै क्षेत्रको साथ र सहयोगबाट विद्यालय अहिलेको स्थानमा आएको बताए ।

विद्यालयकी प्राचार्य सीता पाण्डेले पढाइसँगै विद्यालय अतिरिक्त क्रियालापमा पनि उत्कृष्ट रहेको बताइन । तिनाउ स्कुल समय सापेक्ष शिक्षामा आफूलाई विकास गर्दै अघि बढेको प्राचार्य सीता पाण्डेको भनाइ छ । विद्यालय प्राङ्गणमा भएका खेलहरू टफी बाइट खेलमा (मन्टेश्वरी) शिवम यादव प्रथम, प्रभाव घिमिरे द्वितीय र युसम्भव थापा तृतीय तथा कलेक्ट द म्याटेरियल्स खेलमा पुर्विक श्रेष्ठ प्रथम, सन्दिप श्रेष्ठ द्वितीय र आहान नेपालले तृतीय स्थान हासिल गर्न सफल भए । यस्तै क्ले वर्क अन्तर्गत विगिनर्समा प्रिन्सा परियार प्रथम, लक्ष्मी खनाल द्वितीय र किञ्जल न्यौपाने तृतीय भए । एल.केजीमा सुहाना रनपाल प्रथम, एञ्जल घर्ती मगर द्वितीय र केशवराज थापा तृतीय साथै यु.केजीमा आहान पुन प्रथम, मोनिका शर्मा द्वितीय र सारांश गुरुङले तृतीय स्थान हासिल गर्न सफल भए । कक्षा एकमा अध्ययनरत विद्यार्थीको टफी बाइट खेलमा आविष्कार राउटार प्रथम, आश्ना गौतम द्वितीय र डेनिष्टा थापा तृतीय तथा रिङ टस इनटु द कोन खेलमा सौगात पौडेल प्रथम, समिक मल्ल द्वितीय र तेजस बेल्वासेले तृतीय स्थान हासिल गर्न सफल भए । कक्षा (२,३,४) मा अध्ययनरत विद्यार्थीको म्याटेरियल्स कलेक्सन खेलमा अमृत थापा(३) प्रथम, साइसा श्रेष्ठ (४) द्वितीय र सुशान्त नेपाली (२)ले तृतीय स्थान हासिल गर्न सफल भए ।

जुनियर तह (५-७) मा भएको टेबल टेनिस खेलमा आयुष केसी प्रथम, अनुष आचार्य द्वितीय तथा सिनियरतर्फ सुशान पुन प्रथम र अप्सन सुनारले द्वितीय स्थान हासिल गर्न सफल भए । यसैगरी जुनियर बुद्धिचाल खेलमा नमिस सुनार प्रथम, पृथ्वी सम्राट गुरुङ द्वितीय र रायन अर्याल तृतीय तथा सिनियरतर्फ विपिन महत प्रथम, मञ्जिल राना द्वितीय र आयुष ज्ञवालीले तृतीय स्थान हासिल गर्न सफल भए ।

क्यारम बोर्ड खेलमा जुनियर तर्फ नितेश खड्का प्रथम, भोलिको थापा द्वितीय र प्रयुष कुँवर तृतीय तथा सिनियरतर्फ बिनायक पाण्डे, सुवाङ्ग अर्याल द्वितीय र किञ्जल क्षेत्रीले तृतीय स्थान हासिल गर्न सफल भए । विजयी विद्यार्थीहरुलाई विद्यालयका प्राचार्य सीता पाण्डे, अध्यक्ष यज्ञमूर्ति पाण्डे, सह-प्राचार्य सूर्य पाण्डेलगायतले पुरस्कार तथा प्रमाणपत्र वितरण गरेका छन् ।

# इप्सा खेलकुद महोत्सव सम्पन्न

देवदह । रुपन्देहीको देवदहमा आयोजित दोश्रो इप्सा खेलकुद महोत्सव-२०८२ सम्पन्न भएको छ ।

पूर्वी क्षेत्र निजी विद्यालय एशोसियसन (इप्सा) रुपन्देहीले आयोजना गरेको खेलकुद महोत्सवअन्तर्गत भएको एथलेक्टिस खेलमा देवदह बुद्धपव्लिक आवासीय माध्यमिक विद्यालयले १० वटा स्वर्ण जित्न सफल भएको छ । त्यसैगरी खेल महोत्सवमा सगरमाथा आवासीय माध्यमिक विद्यालयले ३, एशियनलाईट बोर्डिङ्ग स्कुल, देवदह बोर्डिङ्ग स्कुल, सेभेनस्टार बोर्डिङ्ग स्कुल, देवदह मदरटङ्गस एकेडेमीले २/२ स्वर्ण र कोलिय बोर्डिङ्ग स्कुलले एउटा स्वर्ण जित्न सफल भएको ईप्साले जनाएको छ ।

दोश्रो इप्सा खेलकुद महोत्सवमा १५ वटा इप्सामा आबद्ध संस्थागत विद्यालयका ९ सय ८० जना विद्यार्थीले भाग लिएको खेल संयोजक कमल पौडेलले जानकारी दिए । दोश्रो इप्सा खेलकुद महोत्सवअन्तर्गत भएको छात्रतर्फको भलिबल प्रतियोगिताको उपाधि देवदह बुद्ध पव्लिक आवासीय माध्यमिक विद्यालयले हात पारेको छ । प्रतियोगिताअन्तर्गतको फाइनल खेलमा सेभेनस्टार बोर्डिङ्ग स्कुललाई सोभ्रो सेटमा हराउँदै उपाधि जित्न सफल भएको हो । उपाधि जितेसंगै देवदह बुद्ध पव्लिक आवासीय माध्यमिक विद्यालयले नगद २५ हजार, ट्रफी प्राप्त गरेको छ । खेलमा उप-विजेता बनेको सेभेनस्टार बोर्डिङ्ग स्कुलले नगद १५ हजार र ट्रफी प्राप्त गरेको छ । खेलमा सेभेनस्टार बोर्डिङ्ग स्कुललाई २५-२१, २५-११ मा सोभ्रो सेट जित्दै देवदह बुद्ध पव्लिक आवासी माध्यमिक विद्यालयले उपाधी उचालेको हो ।

प्रतियोगिताअन्तर्गत भएको पहिलो सेमिफाइलन खेलमा सगरमाथा आवासीय माविले सेभेनस्टारलाई सोभ्रो सेटमा हराएपनि सगरमाथाले बाहिरी खेलाडी हालको उजुरी परेपछि सगरमाथा आवासीय मावि खेलबाट बाहिरिएको हो ।


## लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/१०/०५**

यस सामुदायिक बन उपभोक्ता समूहको बनबाट उत्पादन भई शितगंगा १४ बठेनीमा घाटगद्दी गरी राखिएको साल जातको काठ ३०३८. २५ क्यू. फि., अन्य जातको ६१३.६५ क्यू. फि. तथा साल दाउरा ०.७५ चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानाकारीको लागि यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सुचना यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयको सुचना पाटीमा, डिभिजन बन कार्यालय अर्घाखाँचीमा र अर्घाखाँची जिल्लास्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ ।

**श्री रमणिय सामुदायिक बन उपभोक्ता समूह**

**शितगंगा न.पा.-१४, अर्घाखाँची**


**रूपन्देही-२...**

पोखरेल समूहबाट उम्मेदवार भएर सचिवमा पराजित गोकुल बास्कोटाको काभ्रेस्थित निर्वाचन क्षेत्र पनि 'अध्यक्षले टुंग्याउने' सूचीमा परेको छ । उनको नाम जिल्लाबाट एकल सिफारिस भएको थियो । प्रदेशबाट अन्यको नाम थपिँदा पनि गोकुल पहिलो स्थानमै थिए ।

मोरङका ३ वटा क्षेत्रबाट प्रतिनिधिसभा सदस्यमा सिफारिस भएका नेता विनोद ढकालको नाम पनि उम्मेदवारको सूचीमा छैन । उनी उम्मेदवार हुने क्षेत्र मोरङको ५ र ६ 'अध्यक्षले टुंग्याउने' सूचीमा परेको छ । सोही जिल्लाको क्षेत्र नं. १ बाट पार्टीका प्रदेश अध्यक्ष घनश्याम खतिवडा उम्मेदवार हुँदा दुईपटक जितेका सांसद ऋषिकेश पोखरेल रोकिएका छन् ।

उम्मेदवारमा नसमेटिएपछि असन्तुष्ट बनेका एलपी (लालप्रसाद) साँवालाई पछि फेरि उम्मेदवार बनाइएको छ । काठमाडौं १० बाट उम्मेदवारी सिफारिसमा परेका सुरेन्द्र मानन्धर पनि रोकिएका छन् । त्यहाँ विनोद श्रेष्ठ उम्मेदवार भए । १६५ मध्ये २३ वटा स्थानमा ओलीले 'आफैँ निर्णय गर्ने' भनेर राखेको हुँदा छुटेका नेताहरूलाई अझै केही आशा भने बाँकी छ । तर, ती स्थानमध्ये कतिपय अन्य पार्टीसँग तालमेलका लागि पनि राखिएको हुनसक्ने आकलन गरिएको छ ।

**योगेशको आपत्ति**

प्रतिनिधिसभाको प्रत्यक्षतर्फ पार्टीको टिकट वितरणको निर्णयमा असहमति जनाएका उपमहासचिव योगेश भट्टराईले पार्टी कार्यालयमा नोट अफ डिसेन्ट दर्ता गराएका छन् ।

हिजो (शनिबार) बसेको सचिवालय बैठकले देशका १४० क्षेत्रका उम्मेदवारहरूको टुंगो लगाएको थियो । जसमा असहमति जनाउँदै उपमहासचिव भट्टराईले नोट अफ डिसेन्ट लेख्ने बताएका थिए ।

सोहीअनुसार, उनले आइतबार पार्टी कार्यालयमा पुगेर नोट अफ डिसेन्ट दर्ता गराएको एमाले कार्यालय स्रोतले जानकारी दिएको छ ।

स्रोतका अनुसार, उनले विभिन्न ४ वटा बुँदामा असहमति राख्दै नोट अफ डिसेन्ट लेखेका हुन् । टिकट वितरणमा मापदण्ड नमिलेको, प्रतिनिधिसभा उम्मेदवारमा प्रतिस्पर्धाको बेलामा पक्षधरता देखिएको, कार्यकर्तामाथि अन्याय भएको लगायतका विषय राखेर नोट अफ डिसेन्ट लेखेका छन् ।

बाह्य चुनौतीलाई पनि ध्यान नदिइएको तर्क भट्टराईको छ । भट्टराईले चुनाव लड्दै आएको ताप्लेजुङमा पनि एमालेले उम्मेदवार टुंगो लगाएको छैन ।

ताप्लेजुङबारे पार्टीको निर्णय सार्वजनिक भएपछि भट्टराईले सामाजिक सञ्जालमार्फत् समर्थकहरुलाई विचलित नहुन अपिल गरेका थिए । 'निर्णय सुनेर विचलित नहुन अनुरोध गर्दछु । अझ उच्च मनोबल र एकताका साथ नेकपा एमालेका उम्मेदवारहरुलाई विजयी बनाउन आफ्नो ठाउँ र हैसियतबाट सक्रिय रहन आह्वान गर्दछु,' भट्टराईले लेखेका थिए-'हाम्रो यात्रा लामो र गौरवपूर्ण छ ।'


## नेपाल विद्युत प्राधिकरण

**ईन्जिनियरिङ्ग सेवा निर्देशनालय, भवन तथा भौतिक संरचना निर्माण आयोजना अन्तर्गत प्रस्ताव गरिएको भैरहवास्थित व्यावसायिक कार्यालय भवन 'लुम्बिनी' आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) मस्यौदा प्रतिवदेन उपर सार्वजनिक सुनुवाई सम्बन्धी सूचना**

(वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ को उपनियम (४) सँग सम्बन्धित ।

**(प्रकाशित मितिः २०८२।१०।०५)**

| **प्रस्तावको नाम** | **भैरहवास्थित व्यावसायिक कार्यालय भवन 'लुम्बिनी' आयोजना** |
|---|---|
| **प्रस्तावको व्यहोरा** | भैरहवास्थित व्यावसायिक कार्यालय भवन 'लुम्बिनी' आयोजनाको प्रस्तावक नेपाल विद्युत प्राधिकरण, ईन्जिनियरिङ्ग सेवा निर्देशनालय, भवन तथा भौतिक संरचना निर्माण आयोजना रहेको छ । नेपाल विद्युत प्राधिकरणले आफ्नो स्वामित्वमा रहेको लुम्नि प्रदेश, रुपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिका वडा नं. ०८ बुद्धचोक (भैरहवा) बाट ६०० मि. उत्तरमा सिद्धार्थ राजमार्गको पश्चिम दिशामा अवस्थित रहेको हालको वितरण तथा ग्राहक सेवा (DCS) केन्द्रको कार्यालय परिसरमा नयाँ भवन निर्माण गरी वितरण तथा ग्राहक सेवा कार्यालय लगायतका अन्य आयोजनाका कार्यालयहरुलाई व्यवस्थित गर्ने योजना रहेको छ । प्रस्तावित भवन निर्माण हुने जग्गाको टुक्राको क्षेत्रफल २.३०८.११ वर्गमिटर रहेको छ जसमा १,२००.३६२ वर्गमिटर प्रस्तावित भवन निर्माण हुनेछ । प्रस्तावित भवनको Total Floor Area ८,९०७.५३ वर्गमिटर (Double Basement सहित) रहने छ । प्रस्तावित भवनको Double Basement मा पार्किङ्गको सुविधा सहित भुई तल्ला र अन्य ९ तल्ला रहने छ । सो जग्गामा सुरक्षित भूकम्प प्रतिरोधात्मक, व्यवस्थित नयाँ भवन निर्माण गरी वितरण तथा ग्राहक सेवा कार्यालयलाई व्यवस्थित गर्ने योजना रहेको छ । यस आयोजना निर्माण तथा सञ्चालनले रुपन्देही जिल्लाको सिद्धार्थनगर नगगरपालिका र आसपास क्षेत्रका ग्राहक तथा सेवाग्राहीलाई सहज तरिकाले सेवा प्रदान गर्नु तथा वितरण तथा ग्राहक सेवा कार्यालय लगायतका अन्य आयोजनाका कार्यालयहरुलाई व्यवस्थित गर्ने मुख्य उद्देश्य रहेको छ । |
| **प्रभाव पर्न सक्ने प्रदेश, जिल्ला स्थानीय तह र वडा** | लुम्बिनी प्रदेश रुपन्देही जिल्ला<br>सिद्धार्थनगर नगरपालिका, वडा नं. ०८ |

*-प्रस्तावित आयोजनाबाट प्रभावित जग्गाको विवरण सम्बन्धी वडा कार्यालयमा टाँस गरिएको छ ।*

नेपाल विद्युत प्राधिकरण, ईन्जिनियरिङ्ग सेवा निर्देशनालय, भवन तथा भौतिक संरचना निर्माण आयोजना अन्तर्गत प्रस्ताव गरिएको भैरहवास्थित व्यावसायिक कार्यालय भवन 'लुम्बिनी' आयोजनाको वातावरण संरक्षण ऐन २०७६ को दफा ३ को उपदफा (५) र वातावरण संरक्षण नियमावली २०७७ को नियम ६ बमोजिम माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी गर्ने सिलसिलामा प्रस्ताव कार्यान्वयनबाट सो क्षेत्रको विद्यमान प्राकृतिक, भौतिक, जैविक तथा सांस्कृतिक आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सार्वजनिक सुनुवाई गर्नुपर्ने भएकोले आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी जानकारी गराउने उद्देश्यका साथ यस सार्वजनिक सूचना मार्फत आयोजना प्रभावित महानगरपालिका, वडा, विद्यालय, स्वास्थ्य चौकी, स्थानीय संघसंस्था तथा सरोकारवाला व्यक्ति तथा निकायलाई निम्न मिति, समय तथा स्थानमा उपस्थित भई राय सुझाव उपलब्ध गराइदिन हुन अनुरोध गरिन्छ । आयोजनाको अवस्थिति लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका, वडा नं. ०८ रहेको छ ।

| **सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थानः** | **आयोजकः** |
|---|---|
| मितिः २०८२।१०।१४ गते, बुधबार<br>समयः दिउँसो २.३० बजे<br>स्थानः नेपाल विद्युत प्राधिकरण,<br>भैरहवा वितरण केन्द्र प्राङ्गण | नेपाल विद्युत प्राधिकरण<br>ईन्जिनियरिङ्ग सेवा निर्देशनालय<br>भवन तथा भौतिक संरचना निर्माण आयोजना<br>स्वयम्भू, काठमाडौं, नेपाल<br>फोन नं. +९७७-१-४१५३२१२<br>इमेलः bpicp@nea.org.np |



# Airawati Rural Municipality
# Office of the Rural Municipal Executive
## Baraula, Pyuthan

# INVITATION FOR ONLINE BIDS

Notice NO:034/082-083

Date of Publication: 2082/10/05 B.S (19th Jan.2026 AD)

Airawati Rural Municipality Baraula, Pyuthan intends to apply the funds to cover eligible payments under the Contract for Construction of works and further ORME Baraula, Pyuthan allocates fund. Bidding is open to all eligible Nepalese Bidders.

1. Airawati Rural Municipality Pyuthan Invites Electronic Bids from eligible Nepalese bidders for the following Project.

| S. N. | Contract ID No | Name Of Project | Estimated Amount | Bid Security Amount | Deadlin for Bid Submission | Date &Time Of Bid Opening | Bid Document Cost | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 01/ARM/NCB /2082-083/ R-WORKS | Upgrading Works of HariyaKhola to Jabune Road | 4355464.63 (Excluding VAT& Contingencies) | 125000.00 | 2082/11/06 12:00 | 2082/11/06 13:00 | 3000.00 | NCB |
| 2 | 09/ARM/SQ/ 2082-083/M-WORKS | Procurement of Medicine items of Airawati Rural Municipality | 1823995.89 (Including VAT) | 50000.00 | 2082/10/20 12:00 | 2082/10/20 13:00 | 1000.00 | Sealed Quotation |
| 3 | 10/ARM/SQ/ 2082-083/ S-WORKS | Supply and Delivery of Sanitary Pads | 1124305.00 (Excluding VAT& Contingencies) | 35000.00 | 2082/10/20 12:00 | 2082/10/20 13:00 | 1000.00 | Sealed Quotation |
| | Account Number for Bid Document Purchase: | | | Name of Bank: Nepal Investment Mega Bank Ltd.<br>Name of Office: Airawati Rural Municipality, Baraula Pyuthan<br>Revenue Account:18201400000079 | | | | |
| | Account Number for Bid Security Deposit: | | | Name of Bank: Nepal Investment Mega Bank Ltd.<br>Name of Office: Airawati Rural Municipality, Baraula Pyuthan<br>Deposit Account:18201400000031 | | | | |

2. Interested eligible Bidders may obtain further informationat Airawati Rural Municipality Office, Baraula Pyuthan Phone No. 9851066850or may visit E-procurement section of PPMO's Web Site https://bolpatra.gov.np/egp.
3. Bid Security must be valid for a period of 90 days for NCB &45 days for Sealed Quotation after the deadline for bid submission date &must be accompanied by minimum bid security amount listed below, which shall be valid for 30 days beyond the bid validity period.
4. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

# मणिमुकुन्द कलेजमा स्पोर्टस् मिट सुरु



बुटवल । बुटवल योगीकुटीस्थित मणिमुकुन्द कलेजमा स्पोर्टस् मिट २०८२ सुरु भएको छ । तीन दिनसम्म सञ्चालन हुने स्पोर्टस् मिटको कलेजका प्राचार्य टुकबहादुर क्षेत्रीले उद्घाटन गरेका छन् । स्पोर्टस् मिटमा कलेजका कक्षा ११ र १२ का करिब तीन सय विद्यार्थी सहभागी हुने छन् । प्रतियोगिताको उद्घाटनका अवसरमा बोल्दै प्राचार्य क्षेत्रीले स्पोर्टस् मिट प्रतियोगिता मात्र नभई विद्यार्थीमा अन्तरनिहीत खेल प्रतिभा प्रस्फुटनसँगै टीम वर्क, टिम स्प्रिट, अनुशासन पालनाजस्ता कुरा सिक्ने महत्वपूर्ण अवसर भएको बताए । उनले खेल प्रतियोगिताहरुमा प्रतिष्पर्धीसँग अनुशासन र खेलको नियमभित्र रहेर मित्रवत् प्रतिस्पर्धा गर्न आग्रह गरे । उद्घाटन कार्यक्रममा कलेजका सह-प्राचार्य दिवाकर खनाल, व्यवस्थापन संकाय संयोजक पशुपति चौधरीलगायतले बोल्दै उनले राष्ट्रिय अन्तर्राष्ट्रियस्तरमा खेल्न सक्ने क्षमता विकास गर्ने प्लेटफर्म स्कूल कलेजमा हुने प्रतियोपगताहरु नै भएकाले आत्मविश्वास उच्च बनाएर प्रतिस्पर्धामा भाग लिन विद्यार्थीहरुलाई आग्रह गरे ।

कलेज प्राङ्गण र नजिकका खेल मैदानहरुमा तीन दिनसम्म चञ्चालन हुने स्पोर्टस् मिटअन्तर्गत क्रिकेट, बास्केटबल, भलिबल, फुटबल, चेस, टेबलटेनिस, फुटबललगायत एक दर्जन खेलहरुमा प्रतिस्पर्धा हुनेछ ।

पहिलो दिन फुटबल, क्रिकेट, चेस, टेबलटेनिस र बास्केटबल प्रतियोगिता सम्पन्न भएका छन् । जसमा फुटबलमा मिनबहादुर अधिकारी नेतृत्वको टिम प्रथम र एलेक्स परियार नेतृत्वको टिम उपविजेता भएका छन् । क्रिकेटतर्फ सचिन पाण्डे नेतृत्वको टिम प्रथम र राहुल खत्री नेतृत्वको टिम उप-विजेता भएका छन् ।

चेसमा अनुप थापा प्रथम, तिर्थबहादुर खत्री दोस्रो र सिर्जन क्षेत्री तेस्रो भएका छन् । टेबलटेनिस सिंगलमा विष्णु शाही ठकुरी प्रथम, प्रतिक रानाभाट दोस्रो र अनुज गैरे तेस्रो भएका छन् । टेबलटेनिस डबल्समा प्रतिक रानाभाट र विष्णु शाही ठकुरीको जोडी प्रथम र अनुज गैरे तथा जैद आलमको जोडी उपविजेता भएका कलेजले जानकारी दिएको छ । यस्तै बास्केटबलमा कक्षा ११बिहानी समूह प्रथम र कक्षा ११ दिवा समूह दोस्रो भएका छन् ।

# पामिर एकेडेमीमा खेल महोत्सव सुरु




बुटवल । तिलोत्तमा-२ स्थित पामिर इन्टरनेशनल एकेडेमीमा आइतबारदेखि खेल महोत्सव-२०८२ सुरु भएको छ । खेल सप्ताह २०८२ अन्तर्गत आइतबार विभिन्न खेल प्रतियोगिता सम्पन्न भएका छन् । शारीरिक, मानसिक तथा सामाजिक विकासलाई प्राथमिकतामा राख्दै आयोजना गरिएको खेल महोत्सवमा जुनियर तथा सिनियर तहका विद्यार्थीहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

आइतबार सम्पन्न खेलहरूमा सिनियर छात्रछात्रा १५ सय मिटर दौड, जुनियर छात्रछात्रा एथ्लेटिक्स, सिनियर छात्रछात्रा सर्टपुट, जुनियर तथा सिनियर छात्रछात्रा १०० मिटर दौड, छात्रा सन्तुलित दौड, आइसक्रिम दौड तथा गुरिल्ला दौड प्रतियोगिता समावेश थिए । खेलका सबै विधामा विद्यार्थीहरूले उच्च आत्मविश्वास, अनुशासन र खेलभावना प्रदर्शन गरेका थिए ।

खेल महोत्सवले विद्यालय परिसरलाई उत्साह र प्रतिस्पर्धात्मक वातावरणले भरिएको देखिन्थ्यो । विद्यार्थीहरू मात्र होइन, शिक्षक तथा अभिभावकको समेत सक्रिय उपस्थिति रहेको थियो ।

कार्यक्रमका अवसरमा विद्यालय सञ्चालक समितिका अध्यक्ष मोहन चापागाईंले शैक्षिक उपलब्धिसँगै खेलकुदलाई समान महत्व दिनुपर्ने आवश्यकता औंल्याए । उनले भने-“खेलकुद विद्यार्थीको सर्वाङ्गीण विकासको आधार हो । अनुशासन, नेतृत्व, सहकार्य र आत्मविश्वास खेलमै सिकिन्छ । पामिर एकेडेमीले पढाइसँगै खेललाई पनि संस्कारका रूपमा अघि बढाइरहेको छ ।”

त्यस्तै विद्यालयका अतिरिक्त क्रियाकलाप प्रमुख अमित रानाले खेल महोत्सव विद्यार्थीको प्रतिभा पहिचान गर्ने महत्वपूर्ण माध्यम भएको बताए ।

“आजको प्रतिस्पर्धात्मक युगमा शारीरिक रूपमा सक्षम र मानसिक रूपमा सबल विद्यार्थी उत्पादन गर्नु हाम्रो लक्ष्य हो,” उनले भने-“यस्ता गतिविधिले विद्यार्थीभित्र लुकेका क्षमता उजागर गर्न सहयोग पुग्छ ।”

विद्यालय प्रशासनका अनुसार खेल महोत्सवका बाँकी खेल कार्यक्रमहरू पनि विभिन्न विधामा निरन्तर सञ्चालन हुनेछन् । खेलकुदमार्फत् विद्यार्थीलाई स्वस्थ, अनुशासित र जिम्मेवार नागरिकका रूपमा विकास गर्ने उद्देश्यले विद्यालयले नियमित रूपमा यस्ता अतिरिक्त क्रियाकलापलाई प्राथमिकता दिँदै आएको जनाएको छ ।

# ई-रिक्सा संघर्ष समितिले आन्दोलन गर्ने

बुटवल । संयुक्त ई-रिक्सा संघर्ष समिति बुटवलले बुटवल उप-महानगरपालिकाको निर्णयविरुद्ध आन्दोलन गर्ने भएको छ । संयुक्त ई-रिक्सा संघर्ष समितिले बुटवलमा पत्रकार सम्मेलनको आयोजना गरी ई-रिक्सासम्बन्धी कार्यविधि विपरीत पुनः रिक्सा थप गर्न लागेको भन्दै त्यस निर्णयविरुद्ध आन्दोलन गर्ने बताएको हो ।

उप-महानगरपालिकाले २०७६ सालमा ई-रिक्सासम्बन्धी कार्यविधि तयार पार्दा १ हजार १८ रिक्सा सूचीकृत गर्ने उल्लेख थियो । पछि ०७८ सालमा संशोधन गरेर ४२२ वटा ई-रिक्सा थप गरी १ हजार ४४० रिक्सा दर्ता गर्ने निर्णय गरेको थियो । तर उक्त निर्णय कार्यान्वयन गर्नुको सट्टा पुन ६० वटा ई-रिक्सा थप गर्ने निर्णय उप-महानगरपालिकाले गरेको भन्दै समिति आन्दोलनमा उत्रिएको हरियाली यातायात प्रा.लि.का अध्यक्ष एवं संघर्ष समितिका संयोजक कृष्णप्रसाद तिवारीले बताए ।

उनले दर्ता भई नियमित कर तिरिरहेका ई-रिक्सा पेशाकर्मीलाई विभिन्न बाहनामा दुःख दिने, तर दर्ता नभएको ई-रिक्सालाई सञ्चालनमा रोक लगाउन उप-महानगरपालिकाले तदारुपता नदेखाएको जनाए ।

उनले विगतमा भएका साझा निर्णयहरुलाई बेवास्ता गर्दै तीन पांग्रे सवारीसम्बन्धी ऐनलाई एकल रुपमा पारित गरेको भन्दै उक्त निर्णय स्वरोजगार मजदुरको हित विपरीत रहेको बताए । साथै उनले दर्ता नभएका र रुट इजाजत नलिएका रिक्साहरुलाई उप-महानगरपालिकाले सञ्चालनमा प्रतिबन्ध लगाउनुपर्ने जनाए ।

उनले हालै निर्माण गरिएको ऐनबाट ई-रिक्सा नामसारी सवारी चालक अनुमती पत्र भएका व्यक्तिहरुको हकमा मात्र गरिने, एक व्यक्ति, एक ईरिक्सा मात्र दर्ता तथा नविकरण गर्न पाउने व्यवस्था खारेज गर्न समेत माग गरे । उनले पहिलो चरणमा ध्यानआर्कषण गराउने र यदि माग सुनुवाइ नभए आन्दोलनका थप कार्यक्रम सार्वजनिक गर्ने जानकारी दिए ।

# कोरियन भाषीले पहिलो पटक एसईई दिँदै



**मोहम्मद हबिब**
*भैरहवा*

रूपन्देहीको सिद्धार्थनगर ८ स्थित फ्युचरलाइट इङ्ग्लिस हाई स्कुलले कोरियन भाषा अध्यापन गराएपछि पहिलो पटक एसईईमा सहभागिता जनाउने भएको छ ।

विगतका वर्षदेखि अनिवार्य विषयसहित कोरियन भाषा अध्यापन गराउँदै आएको विद्यालयले यस वर्ष पहिलो पटक २८ जना विद्यार्थीलाई एसईईमा सहभागिता गराउने भएको हो । नेपालकै पहिलो व्याचको रुपमा रहेको यी विद्यार्थीहरुले कक्षा भैरहवाको फ्युचर लाइट स्कुलमा कक्षा ११ र १२ मा कोरियन विषय पढाइ हुने कक्षा ९ र १० मा ऐच्छिक विषयका रूपमा कोरियन भाषा पढेका हुन् ।

आइतबार विद्यालयमा दक्षिण कोरियाका प्राध्यापक डा. काङ देइ हुनसँग विद्यार्थीहरुको अन्तरक्रिया भएको छ । विद्यार्थीहरुको उच्च शिक्षा, कोरियन भाषाको भविष्य र कोरियामा नेपाली विद्यार्थीहरुको अवस्थाबारेमा विद्यार्थीले प्रश्नोत्तर गरेका थिए । विद्यार्थीहरुलाई कोरियाको बारेमा जानकारी गराउँदै प्राध्यापक देई हुनले कोरियन भाषा अध्ययनले नेपाली विद्यार्थीहरूको भविष्य उज्यालो हुने बताए । उनले नेपाली विद्यार्थीहरू सिक्न निकै इच्छुक र अनुशासित भएको बताउँदै प्रारम्भिक चरणमै कोरियन भाषा बोल्न सक्नु अत्यन्तै प्रशंसनीय कुरा रहेको जनाए । कोरियन भाषा सीपले उनीहरूलाई कोरिया मात्र होइन विश्वव्यापी अवसरसम्म पुऱ्याउने जनाए ।

एसईईमा सहभागिता जनाएपछि फ्युचरलाइट इङ्ग्लिस हाई स्कुलले नै कक्षा ११ र १२ मा पनि पाठ्यक्रमअन्तर्गत कोरियन भाषा अध्यापन गराउने योजना बनाएको छ । विद्यार्थीले तह वृद्धि गर्दै नेपालमै पहिलोपटक कोरियन विषयलाई उच्च माध्यमिक तहसम्म विस्तार गर्ने शैक्षिक संस्थाका रूपमा स्थापित गर्ने विद्यालयका संस्थापक प्रचार्य गम्भीर गुरुङले बताए ।

उनले विद्यार्थीहरूको कोरियाप्रतिको बढ्दो आकर्षण र रोजगारी तथा उच्च शिक्षाका अवसरलाई ध्यानमा राख्दै विद्यालयमा कोरियन भाषा अध्यापन सुरु गरिएको जानकारी दिए । उनले हाल कक्षा ९ र १० मा ऐच्छिक विषयका रूपमा कोरियन भाषा पढाइ भइरहेको छ र विद्यार्थीहरू खर्र कोरियन बोल्न सक्षम बन्दै गएको बताए ।

दक्षिण कोरियाका प्राध्यापक डा. काङ देइ हुनले आइतबार विद्यालयमा आयोजित नेपाली विद्यार्थी र कोरियाली प्राध्यापकबिचको अन्तरक्रिया कार्यक्रममा बोल्दै कक्षा ११ र १२ मा पनि कोरियन विषय सञ्चालन हुनुले नेपाल-कोरिया शैक्षिक सहकार्य थप मजबुत हुने विश्वास गरिएको छ ।

यस वर्ष विद्यालयका विद्यार्थीहरूले पहिलोपटक एसईई परीक्षामा कोरियन विषयको परीक्षा दिन लागेका छन् । कक्षा १० पछि पनि विद्यार्थीहरूले कोरियन विषय निरन्तर अध्ययन गर्न पाउने सुनिश्चित गर्न विद्यालयले कक्षा ११ र १२ सञ्चालनका लागि अनुमति प्रक्रियामा पहल गरिरहेको छ ।

एसईई दिएका विद्यार्थीहरूलाई सोही विद्यालयमै कक्षा ११ मा अध्ययन गर्न व्यवस्था मिलाइने प्रतिबद्धता विद्यालय प्रशासनले जनाएको छ ।

कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रतिनिधि डा. बैकुण्ठ आचार्यले आउँदै गरेको एसईई परीक्षामा कोरियन विषयमा ३.६ जीपीएभन्दा बढी अंक ल्याउने उत्कृष्ट विद्यार्थीलाई आफूसँग कोरिया लैजाने प्रतिबद्धता व्यक्त गरे ।

यस घोषणाले विद्यार्थीहरूमा थप उत्साह र आत्मविश्वास बढाएको छ । विद्यालयमा कोरियन भाषा अध्यापन सुरु भएसँगै विद्यार्थीहरूलाई भाषा सीप, अन्तर्राष्ट्रिय संस्कृतिको बुझाइ तथा भविष्यमा अध्ययन र रोजगारीका नयाँ सम्भावनाहरू खुल्ने विश्वास गरिएको छ ।

# स्याङ्जामा मतदाताबाटै खोजिएका दुई उम्मेदवार





**प्रकाश डोटेल**
*स्याङ्जा*

गएको भदौ २३ र २४ गतेको जेनजी आन्दोलपछि बनेको सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले फागुन २१ मा गर्न लागेको प्रतिनिधिसभा निर्वाचनका लागि दलहरुले उम्मेदवार छनौट प्रक्रियालाई अन्तिम चरणमा पुऱ्याएका छन् । उम्मेदवार छनौट प्रक्रिया अन्तिम चरणमा पुगेसँगै राजनीति क्षेत्र गर्माएको छ भने नेताहरु टिकट पाउने आशामा तछाड र मछाडको दौडमा छन् ।

टिकटको यही प्रतिस्पर्धात्मक दौडमा नेपाली कांग्रेस स्याङ्जाका तर्फबाट उम्मेदवारको आकांक्षी बनेका सरल, शान्त र शालिन छवि बनाएका दुई नेता भरतराज ढकाल र भागवत प्रकाश मल्ललाई मतदाता स्तरबाटै उम्मेदवार बन्न दबाब परेको छ । दुबै नेताहरु कार्यकर्तास्तरमा मात्रै नभएर आममतदाताको आशा, भरोशा र विश्वासको केन्द्र बनेका छन् ।

वर्षौंदेखि सीमित व्यक्ति वरपर घुमिरहेको राजनीतिबाट दिक्दार भएका आमभावनाको प्रतिनिधित्व गर्दै जेनजी पुस्ताले गरेको आन्दोलनपछि समाजमा सफल र नैतिवान सामाजिक कार्यकर्ताको खोजी भइरहेको थियो । जिल्लादेखि केन्द्रसम्म विभिन्न पेशा, व्यवसाय र सामाजिक क्षेत्रमा केन्द्रित सफल व्यक्तिको खोजी भइरहेको बेला विभिन्न राजनैतिक दलबाट धेरै आकांक्षी भए पनि स्याङ्जाका आममतदाताका लागि ढकाल र मल्ल उपयुक्त छनौटमा परेका हुन् ।

व्यक्तिगत जीवनमा ढकाल र मल्ललाई कुनै आर्थिक लोभ नभएको भन्दै मतदाताले उनीहरुलाई उम्मेदवार बन्न दबाब दिएका छन् । तपाईंहरुले आफ्नो जीवनमा प्राप्त गर्ने आर्थिक सफलता र सुख पाउनु भएको छ । अब स्याङ्जाका आममतदाताको जीवनमा त्यस्तै सुधार ल्याउन ढकाल र मल्ल नै चाहिनेमा उनीहरुको जोड छ । क्षेत्रगत रुपमा नेता ढकाल र मल्लले प्राप्त गरेको सफलता मतदाताले समेत अनुभव र अनुभूति गर्न पाउनुपर्ने उनीहरुको माग छ ।

लोभिपापीहरुको बाहुल्यता भएकै कारण नेपालको राजनीतिक क्षेत्र दुषित र भ्रष्ट भएको भन्दै मतदाताले दुबै नेता ढकाल र मल्ललाई विकासको आवश्यकता पुरा गर्न सक्ने र समयको गतिलाई सम्बोधन गर्न सक्ने क्षमतावान व्यक्तिका रुपमा लिन्छन् । स्याङ्जाका दुबै निर्वाचन क्षेत्रका मतदाताले मतदाताको क्षमता अभिवृद्धि, आर्थिक उन्नतीसँगै विकासको उपयोग, रोजगारीमा क्षमताअनुसार समान सहभागिताको अवसर सृजना गर्न ढकाल र मल्ल उम्मेद्वार बन्नुपर्ने बताएका छन् ।

नेपाली काँग्रेसका तर्फबाट स्याङ्जाका दुई निर्वाचन क्षेत्रमध्ये प्रतिनिधिसभा क्षेत्र नं.-१ मा भरतराज ढकाल र क्षेत्र नं.-२ बाट भागवत प्रकाश मल्ल उम्मेदवारको आकांक्षी बनेका थिए । काँग्रेसबाट उम्मेदवारको आकांक्षी बनेसँगै अन्य आकांक्षीको तुलनामा ढकाल र मल्ल मतदाताको छनौटमा परेका हुन् । जेनजीले उठाएका मुद्दा र समयको मागलाई सम्बोधन र बुझ्न सक्ने क्षमता भएका ढकाल र मल्ललाई उम्मेदवार बनाउन मतदाताले काँग्रेसलाई समेत आग्रह गरेका छन् ।

स्याङ्जाको आँधीखोला गाउँपालिका-६, फापरथुममा जन्मिएका ढकाल मुक्तिनाथ विकास बैंकको संस्थापक प्रमुख कार्यकारी अधिकृत (सिइओ) हुँदै विकास बैंकतर्फ नेपालकै नं.-१ बैंक मुक्तिनाथ विकास बैंकको सफल अध्यक्ष बनेका थिए । पूर्वबैंकर्स ढकाल पछिल्लो समय मुक्तिनाथ कृषि कम्पनीको अगुवाइमा नेपालमा कृषि पेशाबाटै आर्थिक क्रान्ति र रोजगारी सृजना गर्न सकिन्छ भन्ने अभियानमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएका छन् ।

मुक्तिनाथ विकास बैंकमा लघुवित्तमार्फत् लाखौं महिलालाई स्वरोजागर बनाएका ढकालले बैंकमा झण्डै दुई हजार र मुक्तिनाथ कृषि कम्पनीमा ३ सय जनालाई प्रत्यक्ष रोजगार हुने अवसर सृजना गरेका छन् । काँग्रेसको राजनीतिमा प्रत्यक्ष भूमिकामा नदेखिएका ढकाल जनआन्दोलन २०६२/६३ मा नेतृत्वदायी भूमिका, रोयल सहकारी, जिल्ला बालकल्याण समिति र विभिन्न गैरसरकारी संघसंस्थामा लामो समय नेतृत्वमा रहेर काम गरेको अनुभवि सामाजिक कार्यकर्ता हुन् ।

स्याङ्जा क्षेत्र नं.-२ का आकांक्षी उम्मेदवार भागवत प्रकाश मल्ल चापाकोट नगरपालिका-५, सेखामका स्थायी बासिन्दा हुन् । बुबा गजिन्द्रप्रकाश मल्लको लामो राजनैतिक जीवनबाट प्रभावित भएर राजनीतिमा आएका युवा नेता भागवत जिल्लामा सरल, शालिन, भद्र र विकासप्रेमी नेताको छवि बनाउन सफल भएका छन् । उनी युवासँगै महिला र वृद्धवृद्धाबिच लोकप्रिय छन् ।

२०७४ सालमा गण्डकी प्रदेशसभा सदस्य निर्वाचनमा निर्वाचित भएर ५ वर्ष काम गरेका मल्लले छोटो समयमै आफ्नो निर्वाचन क्षेत्रमा विकास निर्माणका गतिविधिलाई तीव्रता दिन सफल भएका थिए ।

गण्डकी प्रदेशमा काँग्रेसका नेता कृष्णचन्द्र नेपालीको नेतृत्वमा तत्कालिन समयमा गठित पहिलो सरकार बनाउन नेतृत्वकै भूमिका निभाएका नेता मल्ललाई प्रतिस्पर्धी राजनैतिक दल, सामाजिक व्यक्तित्वहरुबिच समेत उत्तिकै प्रिय दृष्टिमा हेर्ने गरिन्छ ।

**सार्वजनिक सेवा लिँदा ध्यान दिऔं ।**

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं, -
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लियौं,
- सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दियौं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्ट्राचारविरूद्ध उजुरी गरौं,

सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।

**नेपाल सरकार विज्ञापन बोर्ड**

**आकर्षक डिजाइन तथा छपाई**

**सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !**

**आइडिया**

**डिजाइनर्स/अफसेट प्रेस**

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com